# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, असोज २५ गते २०३३ साल [ अतिरिक्ताङ्क २२ (ग)

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश, जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "वन पैदावार विकास समिति (गठन) आदेश, २०३३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत वन पैदावार विकास परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः (१) परियोजना सञ्चालन गर्न वन पैदावार विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम समितिमा देहायका सदस्यहरू रहनेछन्:–

| | |
|---|---|
| (क) चीफ कन्जरभेटर, वन विभाग– | अध्यक्ष |
| (ख) प्रतिनिधि, वन मन्त्रालय– | सदस्य |
| (ग) प्रतिनिधि, अर्थ मन्त्रालय– | सदस्य |
| (घ) प्रतिनिधि, उद्योग तथा वाणिज्य मन्त्रालय– | सदस्य |
| (ङ) प्रतिनिधि, गृह पञ्चायत मन्त्रालय– | सदस्य |
| (च) यूटिलाइजेशन अधिकृत, वन विभाग– | सदस्य |
| (छ) परियोजना प्रमुख– | सदस्य–सचिव |

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विदेशी विशषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको कार्यान्वयनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ ।

(क) परियोजनाको कार्यान्वयन र सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने र परियोजनाको कार्यान्वयनमा रेखदेख पुर्‍याउने ।

(ख) काठहरूको सिजनिङ्ग तथा प्रिजरभेशन गर्ने र ब्रिकेट बनाउने,

(ग) काठ दाउरा लगायत अन्य वन पैदावारको डिपो खडा गरी बिक्री वितरण गर्ने,

(घ) वन पैदावारमा आधारित उद्योगहरूलाई वन पैदावार उपलब्ध गराई विस्तार गराउने,

(ङ) विभिन्न जातका काठहरूको उपयोग गरी काष्ठ उद्योगहरू स्थापना गर्ने संभाव्यता अध्ययन गर्ने,

(च) काठ दाउराको वर्तमान तथा दीर्घकालीन माग आपूर्ति सम्बन्धमा अनुसन्धान गर्ने,

(छ) प्रत्येक आर्थिक वर्षको कार्यक्रम र त्रैमासिक प्रगति वन मन्त्रालयमा पेश गर्ने,

(ज) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारको नियुक्ति गर्ने,

(झ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. उप–समितिको गठनः (१) समितिले आफ्नो कार्य सञ्चालन गर्ने प्रत्येक वन डिभिजनहरूमा एक उप-समिति गठन गर्नेछ र सो उप-समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:–

| | |
|---|---|
| (क) सम्बन्धित कन्जरभेटर— | अध्यक्ष |
| (ख) जिल्ला कार्यालयको प्रतिनिधि— | सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्ला पञ्चायतको प्रतिनिधि— सदस्य
(घ) श्री ५ को सरकारले मनोनीत गरेको एकजना व्यक्ति— सदस्य
(ङ) सम्बन्धित वन डिभिजनको डी. एफ. ओ.— सदस्य–सचिव

तर कुनै वन डिभिजनमा दुई वा दुईभन्दा बढी जिल्लाहरू परेमा त्यस्तो जिल्लाहरूको वर्णानुक्रमानुसार ओलो–पालो हुने गरी जिल्ला कार्यालय र जिल्ला पञ्चायतको प्रतिनिधिहरू एक एक वर्षको अवधिको लागि उप–समितिको सदस्य रहनेछन् ।

(२) उप–समितिको काम, कर्तव्य समितिले तोकेबमोजिम हुनेछ ।

६. समितिको कोषः (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम,
(ख) श्री ५ को सरकारबाट वा अरू स्रोतबाट प्राप्त ऋण,
(ग) काठ दाउरा तथा अन्य वन पैदावारको बिक्रीबाट प्राप्त रकम,
(घ) समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखापरीक्षणः (१) समितिको आय–व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजन गर्न सक्नेः समितिले आवश्यकतानुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य–सचिव वा उप–समितिको कुनै सदस्य वा परियोजनाको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य-सचिवको अतिरिक्त अरू तीनजना सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

(४) समितिको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. उप–समितिको बैठक र निर्णयः (१) उप–समितिको बैठक उप–समितिको अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) उप–समितिको अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त एकजना सदस्य उपस्थित भएमा उप–समितिको बैठक बस्न सक्नेछ ।

(३) उप–समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

(४) उप–समितिको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) उप–समितिको बैठकमा अपनाइने अन्य कार्यविधि उप–समिति आफैले निर्धारण गर्नेछ ।

११. नियम बनाउने: समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१३. समितिको कार्यालयः समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार